# अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि, २०७६

मन्त्रलयबाट स्वीकृत मिति : २०७६।०४।०८
पहिलो संशोधन : २०७६।११।०८
दोश्रो संशोधन : २०८०।०६।०७

प्रस्तावना : वैदेशिक रोजगारमा जाने कामदारहरुको अभिमुखीकरण तालिम सञ्चालन कार्यविधिलाई संशोधन गर्न वाञ्छनीय भएकोले,-

वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ५२क. को उपनियम (२) बमोजिम मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "अभिमुखीकरण तालिम सञ्चालन (दोश्रो संशोधन) कार्यविधि, २०७६" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि, २०७६ प्रस्तावनामा मा संशोधन : "अभिमुखीकरण तालिम सञ्चालन (दोश्रो संशोधन) कार्यविधि, २०७६" (यसपछि "मूल कार्यविधि" भनिएको) को प्रस्तावनामा रहेको "व्यक्तिहरुलाई" भन्ने शब्दको सट्टा "श्रमिकहरुलाई" भन्ने शब्द राखिएको छ।

३. मूल कार्यविधिको दफा २ मा संशोधन : दफा २ को,-

(१) खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छः-

"(ग१) "महासंघ" भन्नाले देशभर रहेको पुर्व प्रस्थान तालीम प्रदायक संस्थाहरुको छाता सङ्गठन नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघलाई सम्झनु पर्छ।"

(२) खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छः-

"(छ) "संस्था" भन्नाले वैदेशिक रोजगार सम्बन्धी पूर्व प्रस्थान अभिमुखीकरण तालिम प्रदान गर्ने संस्था सम्झनु पर्छ र सो शब्दले शाखा कार्यालय समेतलाई जनाउँछ।"

४. मूल कार्यविधिको दफा ३ मा संशोधन : दफा ३ को खण्ड (क) मा रहेको "गन्तव्य मुलुकको" भन्ने शब्दहरु पछि "श्रम सम्बन्धी कानून" भन्ने शब्दहरु थपिएका छन्।

५. मूल कार्यविधिको दफा ४ मा संशोधन : दफा ४ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-



सचिव

"(१) वैदेशिक रोजगार नियमावली, २०६४ को नियम २० मा उल्लेख भएका विषयका अतिरिक्त देहायका विषयवस्तु पाठ्यक्रममा समावेश गर्नु पर्नेछ:-

(क) यात्रापूर्वको तयारी,

(ख) सूचना प्रविधिको प्रयोग,

(ग) सम्भावित जोखिम र दुर्घटनाबाट बच्ने उपाय,

(घ) बीमा तथा कल्याणकारी कोष सम्बन्धी जानकारी,

(ङ) वैदेशिक रोजगारसँग सम्बद्ध निकायहरुको भूमिका,

(च) गन्तव्य मुलुकमा समस्या पर्दा सम्पर्क र समन्वय गर्ने निकाय,

(छ) मर्यादित छनौट प्रकृया र लागत शुल्क,

(ज) न्यूनतम स्वास्थ्य स्थिति र स्वास्थ्य परीक्षण,

(झ) पुन:एकीकरण कार्यक्रम,

(ञ) औपचारिक माध्यमबाट विप्रेषण पठाउने,

(ट) मोबाइल बैंकिङ्ग तथा अनलाइन बैंकिङ्ग सेवा,

(ठ) सामाजिक सुरक्षा कोषमा आवद्धता र सुरक्षा योजनाहरु,

(ड) व्यावसायिक स्वास्थ्य र सुरक्षा,

(ढ) तनाव व्यवस्थापन,

(ण) मानसिक स्वास्थ्य परामर्श,

(त) समसामयिक विषय।"

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय नेपाल सरकार सिंहदरबार, काठमाडौं

६. मुल कार्यविधिको दफा ५ मा संशोधन : दफा ५ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ:-

"(२) एउटा कक्षामा बढीमा पच्चीस जनासम्म प्रशिक्षार्थी राख्न सकिनेछ। एउटा संस्थाले एक पटकमा बढीमा दुई वटा कक्षामा तालिम सञ्चालन गर्न पाउनेछ।"

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ:-

"(३) अभिमूखीकरण तालिम देशगत समुह (क्लष्टर) अनुसार एक संस्थाले एकपटकमा एउटा क्लष्टरमा मात्र कक्षा सञ्चालन गर्नु पर्नेछ र प्रथम पटकको लागि कार्यविधि लागू भएको पन्ध्र दिनभित्र विभागले संस्था छनौटको लागि सूचना जारी गर्नेछ।"

(३) उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखिएको छ:-

"(७) तालिम प्रदायक संस्थाले दफा ८ बमोजिमको योग्यता पुगेका कम्तीमा तीन जना प्रशिक्षकको व्यवस्था गर्नु पर्नेछ र कम्तीमा एकजना आफुले छानेको क्लष्टर अनुसारको सोही देशमा गएर आएको प्रशिक्षक हुनु पर्नेछ।"

७. मुल कार्यविधिको दफा ५ मा संशोधन : दफा ५क. पछि देहायको दफा ५ख. थपिएको छ:-



सचिव

"५ख. <u>परीक्षा सम्बन्धी व्यवस्था</u> : (१) वैदेशिक रोजगारमा जाने प्रत्येक कामदारले अनलाइनबाट परीक्षा दिई कम्तिमा ५० अङ्क प्राप्त गरेकोलाई उतिर्ण मानी श्रम स्वीकृती दिइने छ।

(२) कामदार आफैंले वा तालीम केन्द्रले अनलाइन परीक्षा दिन वा दिलाउन सक्नेछ।

(३) कामदारले तालीम केन्द्रमा गई रेटिना रजिष्ट्रार गरेपछि मात्र परीक्षा दिनको लागी योग्य हुनेछ।

(४) परीक्षा सञ्चालन सम्बन्धी व्यवस्था महासंघले प्रकृया पुरा गरी आफैं वा सहकार्य गरी सञ्चालन गर्न सक्नेछ।

(५) अनलाइन भाषा व्यवस्थापन समेत सोही सफ्टवेयर मार्फत हुनेछ।"

८. <u>मूल कार्यविधिको दफा ६ मा संशोधन</u> : दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छ:-

"६. <u>तालिम सञ्चालन अवधि</u> : (१) तालिम सञ्चालन अवधि दैनिक ६ कार्य घण्टाको दरले लगातार तीन दिन (अठार घण्टा) हुनेछ र देहाय बमोजिम अनिवार्य कार्यान्वयन गर्नु पर्नेछ:-

(क) प्रत्येक दिन तीन घण्टाको दरले जम्मा नौ घण्टा प्रारम्भिक भाषा कक्षा,

(ख) प्रत्येक दिन तीन घण्टाको दरले नौ घण्टा पूर्व प्रस्थान अभिमूखिकरण सहित गन्तव्य मुलुकको भूगोल, धर्म, संस्कृती, सामाजिक मूल्य मान्यताहरु,

(ग) संस्थाले तीन दिनको पुर्व प्रस्थान अभिमुखीकरण तालीमको अन्त्यमा डिजिटल प्रणाली (Digital system) मार्फत परीक्षामा समावेश गरी ५० प्रतिशत अङ्क ल्याई उतीर्णलाई विभागको अनलाईन प्रणालीमा पठाए पश्चात तालीमको प्रमाणपत्र प्रदान गर्नेछ र परीक्षा सम्बन्धी व्यवस्थापन विभागको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीमा आवद्ध भइ महासंघ मार्फत व्यवस्थापन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यतालिका देहाय बमोजिम रहेको छ:-

| | | | |
|---|---|---|---|
| दिन १ | यात्राको पूर्व तयारी, वैदेशिक रोजगारसंग सम्बन्धित निकायहरु र कार्य | सूचना प्रविधिको प्रयोग, कुटनीतिक निकायको भूमिका र गुनासो सुनुवाई | अंग्रेजी भाषा |
| दिन २ | कार्य वातावरण र सुरक्षाका उपायहरु | ❖ विप्रेषण<br>❖ पूनःएकिकरण<br>❖ सामाजिक सुरक्षा कोषको योजनाहरु | अंग्रेजी भाषा |
| दिन ३ | सम्बन्धित गन्तव्य मुलुकको सामाजिक मूल्य मान्यताहरु | ❖ मुलुकको भूगोल<br>❖ धर्म<br>❖ संस्कृती | देशगत भाषा |

"



सचिव

९. <u>मूल कार्यविधिको दफा ८ मा संशोधन</u> : दफा ८ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ:-

"(ख) वैदेशिक रोजगारमा गएर फर्केको हकमा कम्तिमा १२ कक्षा वा सो सरह उतिर्ण गरेको,"

१०. <u>मूल कार्यविधिको दफा १२ मा संशोधन</u> : दफा १२ को,-

(१) उपदफा (२) को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएको छ:-

"(ङ) महासंघको अध्यक्ष वा प्रातिनिधि -प्रतिनिधि"

(२) उपदफा (३) को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएको छ:-

"(ङ) महासंघको अध्यक्ष वा प्रातिनिधि -प्रतिनिधि"

११. <u>मूल कार्यविधिको दफा १५ मा संशोधन</u> : दफा १५ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ:-

"(१) तालिम प्रदायक संस्थाले तालीम केन्द्र स्थानान्तर गर्नु पर्ने भएमा स्थानान्तर गर्नु पुर्व अनिवार्य रुपमा विभागमा जानकारी गराउनु पर्नेछ।"

१२. <u>मूल कार्यविधिको दफा १६ मा संशोधन</u> : दफा १६ को सट्टा देहायको दफा १६ राखिएको छ :-

"१६. <u>तालिमको शुल्क निर्धारण</u>: तालिम शुल्क प्रति प्रशिक्षार्थी देहाय बमोजिम हुनेछ:-

(क) प्रारम्भिक भाषा तथा अभिमूखीकरण तालीमको शुल्क दुई हजार एक सय रूपैयाँ,

(ख) भाषा अध्ययन तथा प्रमाणपत्र परीक्षाको शुल्क सात सय रुपैयाँ।"

१३. <u>मूल कार्यविधिको दफा २० मा संशोधन</u> : दफा २० को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ:-

"(१) मन्त्रालय र विभागले संस्थाको स्थलगत एवं विद्युतीय माध्यमबाट नियमित तथा आकस्मिक अनुगमन गर्न सक्नेछ।"

१४. <u>मूल कार्यविधिको दफा २४ मा संशोधन</u> : दफा २४ को सट्टा देहायको दफा २४ राखिएको छ:-

"२४. <u>अनुमति रद्द गर्न सकिने</u> : (१) देहायको कुनै पनि कार्य भएमा अनुमति रद्द गर्न सकिनेछ:-

(क) दफा २१, २२ र २३ बमोजिमको कारबाही भएकोमा तालिम प्रदायक संस्थाले आवश्यक निर्देशन पालना नगरेमा,

(ख) तोकिएको तालिम अवधि पूरा नगरेका प्रशिक्षार्थीलाई प्रमाण पत्र वा विद्युतीय हाजिरी उपलब्ध गराएमा,

(ग) अनुपस्थित प्रशिक्षार्थी/व्यक्तिलाई समेत उपस्थित भएको जनाई प्रमाण-पत्र जारी गरेकोमा,

(घ) झुट्टा वा नक्कली प्रमाणपत्र जारी गरेमा,

(ङ) कुनै एक अनुपस्थित व्यक्तिको हाजिरी अर्को व्यक्तिले गरेमा,

(च) तोकिए बमोजिमको भौतिक पूर्वाधार नभएमा वा योग्यता नपुगेको प्रशिक्षक राखेमा,



सचिव

(छ) अभिमूखीकरण तालीम सञ्चालन कार्यविधि मुताविक तोकिएको अन्य काम नगरेमा।

(२) उपदफा (१) बमोजिम अनुमति रद्द गर्नुअघि विद्युतिय अनुगमन समेतको आधारमा सम्बन्धित संस्थालाई सफाइ पेश गर्ने मनासिव मौका दिनु पर्नेछ।"

१५. मूल कार्यविधिको दफा २७ मा संशोधन : दफा २७ को उपदफा (१) को,-

(१) खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छः-

"(ख१) उपसचिव (कानून), मन्त्रालय,"

(२) खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छः-

"(ङ१) अध्यक्ष वा प्रतिनिधि, महासंघ,"

१६. मूल कार्यविधिमा संशोधन : मूल कार्यविधिमा दफा २८क. थपिएको छः-

"२८क. तालिमको प्रमाण पत्र एकपटक मात्र पेश गर्नु पर्ने : कुनै पनि श्रमिक पुनः सोहि मुलुकमा दोश्रो पटक वैदेशिक रोजगारमा जाने भएमा पूर्वअभिमूखीकरण तालिमको प्रमाण पत्र पेश गर्नु नपर्ने।"

१७. मूल कार्यविधिको अनुसूचीमा संशोधन : अनुसूची-१.१ को सट्टा देहायको अनुसूची-१.१ राखिएको छः-

"अनुसूची-१.१

दफा २ को खण्ड (झ) सँग सम्बन्धित

वैदेशिक रोजगारमा कामदारहरु जाने देशहरुलाई आधा मानी क्लष्टर अनुसार देहाय बमोजिम वर्गिकरण गरिएको छ।

१. मलेशिया,
२. जिसीसी आवद्ध देशहरु,
३. जिसीसीमा आवद्ध नभएका देशहरु,
४. जापान र दक्षिण कोरिया,
५. इजरायल,
६. टर्कि, साईप्रस लगायत अन्य देशहरु।"

१८. मूल कार्यविधिको अनुसूची -२ मा संशोधन : अनुसूची-२ को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) प्रत्येक प्रशिक्षण कक्षामा कम्तिमा ८४ ईन्चको (Android 13, RAM 8 GB, ROM HDD 128 GB) भएको स्मार्ट वोर्ड दुईवटा, कम्प्यूटर प्रिन्टरको विभागको FEIMS प्रणालीसंग मेल खाने रेटिना हाजिर मेसिन अनिवार्य रहेको हुनु पर्ने।"

१९. मूल कार्यविधिको अनुसूचीमा संशोधन : अनुसूची-७ झिकिएको छ।



सचिव